# नेपाल बार एशोसिएशनको
## विनियम-२०४९

नेपाल बार एशोसिएशनको विधान, २०४८ को धारा ५३(१) ले प्रदान गरेको अख्तियारी प्रयोग गरी नेपाल बार एशोसिएशन केन्द्रीय कार्य समितिले केन्द्रीय कार्यकारिणी परिषदको २०४९।४।५ मा बसेको बैठकको स्वीकृति लिई यो विनियम लागू गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक कथन

१. **नाम, प्रारम्भ र विस्तार :-**

१ यस विनियमको नाम:- नेपाल बार एशोसिएशनको विनियम, २०४९ रहेको छ।
२ यो विनियम तुरुन्त प्रारम्भ हुनेछ।
३ यो विनियम नेपाल बार एशोसिएशनका सम्पूर्ण एकाइहरु र सदस्यहरुलाई लागू हुनेछ।

२. **परिभाषा:-**

विषय वा प्रसंगले अर्को नलागेमा यस विनियममा,
(क) "विधान" भन्नाले नेपाल बार एशोसिएशनका विधान, २०४८ लाई जनाउने छ।
(ख) "विनियम" भन्नाले यस विनियमलाई जनाउने छ।
(ग) "केन्द्रीय कार्य समिति" भन्नाले नेपाल बार एशोसिएशनको केन्द्रीय कार्य समितिलाई जनाउने छ।
(घ) "सदस्य" भन्नाले नेपाल बार एशोसिएशनका सदस्यलाई जनाउने छ।
(ङ) "एकाइ" भन्नाले नेपाल बार एशोसिएशनका एकाइलाई जनाउने छ।
(च) "अदालत" भन्नाले प्रचलित कानून बमोजिम संस्थापित न्यायिक निकायलाई जनाउने छ।
(छ) "केन्द्रीय कार्यालय" भन्नाले विधानको परिच्छेद ६ अनुरुपको कार्यालयलाई जनाउने छ।
(ज) "सभा" भन्नाले एशोसिएशनका साधारण सभा वा विशेष साधारण सभालाई जनाउने छ।
(झ) "एशोसिएशन" भन्नाले नेपाल बार एशोसिएशनलाई जनाउने छ।
(ञ) "कार्यकारिणी परिषद" भन्नाले केन्द्रीय कार्यकारिणी परिषदलाई जनाउने छ।

### परिच्छेद-२
### एकाइको मान्यता

३. **एकाइको संस्थापन:-**

१ यो विनियम जारी हुनु अघिका एकाइ यसै विनियम अनुरुप संस्थापित भएका मानिने छन्।
२ विधानको धारा ४७(१) बमोजिम एकाइ गठन गर्न चाहने कानून व्यवसायीहरुले उक्त धारामा उल्लेखित कार्यविधि पूरा गरी एकाइको अस्थायी समिति (एड हक कमिटी) गठन गरी स्वीकृतिका लागि केन्द्रीय कार्य समितिमा पठाउनु पर्ने छ।
३ केन्द्रीय कार्य समितिले स्वीकृति दिएको मितिमा सो एकाइ गठन भएको मानिने छ र यही मितिदेखि पदावधि गणना गरिनेछ।
४ अदालतको स्तरमा एकाइ गठन गरिनु पर्ने भएबाट एक भन्दा बढी एकाइलाई सो अदालत स्तरमा मान्यता दिइने छैन।
तर, विधानको धारा ४९ अनुरुप कुनै एकाइ निलम्बन वा विघटन भएको अवस्थामा वा धारा ४८ (२) अनुरुप एकाइ खारेज भएको अवस्थामा नयां एकाइलाई मान्यता प्रदान गर्न यस नियमले बाधा पु-याएको मानिनेछैन।
५ कुनै अदालतको घुम्ति इजलास (सर्किट बेन्च) कायम भएको अवस्थामा भने घुम्ति रहेको ठाउंमा त्यो अदालतको नाममा एकाइ गठन गर्न सकिने छैन।
६ कुनै अदालत खारेज भएमा सो नामबाट गठित एकाइ स्वत: विघटन भएको मानिने छ। यसरी खारेजीमा परेको एकाईको चल अचल सम्पत्ति केन्द्रीय कार्य समितिले निर्णय गरे अनुरुप हुने छ।
७ पदावधि समाप्त भए पछि पनि कार्य समितिको निर्वाचन नगर्ने एकाइको हकमा वा नियम ४,५ र ६ का अवस्था परी पछिबाट कार्य समिति गठन गर्नु परेमा केन्द्रीय कार्य समितिले केन्द्रीय पर्यवेक्षक पठाई निर्वाचन गराउन सक्ने छ।

४. **एकाइको खारेजी :-**

१ विधानको ४८ (२) अनुरुप सयकडा बीस प्रतिशत रकम तीन पटक ताकेता गर्दा पनि नबुझाउने एकाइलाई खारेज गर्न कार्यकारिणी परिषदमा केन्द्रीय कार्य समितिले प्रस्ताव पेश गर्नु पर्नेछ।
२ उप नियम १ बमोजिमको प्रस्ताव लानु पूर्व केन्द्रीय कार्यालयले उचित समय दिई उक्त खारेज गर्नु पर्ने एकाइलाई एक पटक आफ्नो व्यहोरा भन्ने मौका दिने छ। प्रेषित पत्र नबुझेमा वा बुझाउन संभव नभएमा केन्द्रीय कार्यालयले दैनिक पत्रिकामा सूचना प्रकाशित गर्न सक्नेछ।
३ विधानको ४९(३) अनुरुप कार्यकारिणी परिषदमा केन्द्रीय कार्य समितिले लाग्ने प्रस्तावमा एकाइ खारेजीका स्पष्ट कारणहरु उल्लेख हुनु जरुरी छ।

५. **एकाइका विघटन :-**

१ विधानको धारा ४९(१) अनुरुप एकाइ विघटनको प्रस्ताव आएमा सो प्रस्ताव अनुमोदनका लागि कार्यकारिणी परिषदमा लग्नु पूर्व केन्द्रीय कार्य समितिले केन्द्रीय पर्यवेक्षक पठाई प्रतिवेदन लिनु पर्नेछ ।

२ उप नियम १ अनुरुप प्राप्त हुने प्रतिवेदनमा छलफल गरी एकाइ खारेजीको प्रस्ताव केन्द्रीय कार्य समितिले कार्यकारिणी परिषदमा लानु पर्नेछ ।

६. **एकाइको निलम्बन :-**

१ केन्द्रीय कार्यालयले सोधपूछ गरेका तथ्यहरुको जानकारी नदिने वा कुनै पत्राचार सम्पर्क नराख्ने वा एशोसिएशनको उद्देश्य परिपूर्ति गर्न कुनै सक्रियता नदेखाउने वा एकाइ कार्य समितिको पदावधि समाप्त भए पछि पनि निर्वाचन गराउन तत्परता नदेखाउने वा तीन पटक ताकेता गर्दा पनि केन्द्रीय कार्य समितिलाई शुल्क नबुझाउने वा नियम ३१(४)मा वर्णित आर्थिक अनुशासन पालन नगर्ने एकाइलाई केन्द्रीय कार्य समितिले उचित समयसम्मकालागि निलम्बन गर्न सक्नेछ ।

२ एकाइ कार्य समितिमा आन्तरिक कलह वा अन्य कुनै कारणबाट कुनै काम हुन नसकिरहेको केन्द्रीय कार्य समितिमा उजूर परी वा अन्य श्रोतबाट जानकारी प्राप्त भएमा छानवीन गरी आवश्यक लागेमा उचित समयसम्मकालागि सो एकाइलाई निलम्बन गर्न सक्ने छ ।

## परिच्छेद-३
## एकाइको सदस्यता

७. **सदस्यता प्राप्तिकानागि आवेदन:-**

१ प्रचलित नेपाल कानून अनुरुप कानून व्यवसायीका रुपमा दरिई कानून व्यवसायमा संलग्न व्यक्तिलाई एशोसिएशनको सदस्यता प्रदान गरिने छ । एशोसिएशनबाट मान्यता प्राप्त एकाइको सदस्यता प्राप्त व्यक्ति नेपाल बार एशोसिएशनको सदस्य मानिने छ ।

२ सदस्यता प्राप्त गर्न चाहने कानून व्यवसायीले अनुसूची-१ अनुरुपको आवेदन फाराम भरी आफूले सदस्यता लिन चाहेको एकाइ कार्य समितिको सचिव समक्ष पेश गर्नु पर्नेछ । आवेदनका साथ विधानको धारा ६(२) अनुरुप कानून व्यवसायीको प्रमाणपत्र समेतको प्रतिलिपि र रु. १५।- संलग्न राख्नु पर्नेछ ।

३ उप नियम १ अनुरुप प्राप्त आवेदन एकाइ कार्य समितिमा पेश गरिनु पर्ने छ । एकाइ कार्य समितिले विधानका धारा ६(३) अनुरुप निर्णय गर्नु पूर्व देहायका कुराहरुमा बिचार गर्ने छ :-

१. विधानको धारा ५० को प्रतिकूल हुन जाने गरी आवेदन गरिए बाहेक अर्को एकाइको सदस्य कायम रहे नरहेको के छ ?
२. कानून व्यवसायीको प्रमाण पत्र लिनु पूर्व निज संलग्न पेशा वा कार्यमा निजको नैतिक आचरण के कस्ता छ ?
३. सदस्यताका लागि आवेदन गर्दाका बखतको निजको नैतिक आचरणका सम्बन्धमा कारवाही चलिरहेको छ वा छैन ?
४. कानून व्यवसायप्रति आवेदकको प्रतिवद्धता के कस्तो छ?
५. आवेदकले आवेदन गर्दाका वखत गरिआएका अन्य कार्य वा अपनाई आएका अन्य पेशा के हो ?
६. तत्काल कानून व्यवसाय गरिआएको छ वा छैन ?

४ उप नियम(३) मा उल्लेखित कुराहरुमा विचार गरी एकाइ कार्य समितिले आवेदकलाई सदस्यता प्रदान गर्न निर्णय गरेमा विधानको धारा ६(३) अनुरुप वार्षिक सदस्यता शुल्क रु. १००।- लिई सदस्यताको अभिलेख पुस्तिकामा निजको नाम दर्ता गरी सदस्यताको प्रमाण पत्र दिइने छ ।

तर, सदस्यता शुल्कका अलावा अन्य शुल्कहरु समेत आफ्ना सदस्यबाट एकाइले लिने गरेको रहेछ भने यी अतिरिक्त शुल्क पनि आवेदकसंग लिन यस नियमले बाधा पु-याएको मानिने छैन ।

५ आफ्ना एकाइका सम्पूर्ण सदस्यहरुको नामावली केन्द्रीय कार्यालयमा पठाउने दायित्व एकाइ कार्य समितिको हुनेछ । विधानको धारा ६(४) अनुसार प्राप्त एकाइ सदस्यहरुको नाम अभिलेखमा चढाई हरेक सदस्यलाई एशोसिएशनको सदस्यता नम्बर सम्बन्धित एकाइ मार्फत प्रदान गर्न सकिने छ ।

एशोसिएशनले आवश्यक सम्झेमा आफ्ना सदस्यहरुलाई सदस्यताको प्रमाणपत्र दिने छ । सदस्यहरुलाई प्रयोग गर्न दिने गरी एशोसिएशनका प्रतीक चिन्हको लकेट वा स्टिकर एशोसिएशनले प्रदान गर्न सक्ने छ ।

८. **सदस्यताका विरुद्ध उजूरी :-**

१ एशोसिएशनका विधान वा यस विनियमका विपरीत कुनै एकाइले सदस्यता प्रदान गरेका विषयमा केन्द्रीय कार्य समिति समक्ष कुनै पनि सदस्यले उजूर गर्न सक्ने छ ।

२ यस्ता उजूरी परेको बढीमा ३५ दिन भित्र निर्णय गरिसक्नु पर्नेछ ।

३ केन्द्रीय कार्य समितिले यस्ता उजूरी उपर छानवीन गरी प्रतिवेदन दिन एक जना संयोजक सहितको तीन सदस्यीय छानवीन समिति गठन गर्नेछ । छानवीन समितिले सम्बन्धित एकाइ, उजूर वाला र उजूर परेको व्यक्ति समेतलाई आफ्नो कुरा लिखित रुपमा राख्न दिने समेतका कार्यविधि स्वयं निर्धारित गर्नेछ ।

४ उप नियम-३ अनुरुपको छानवीन समितिको प्रतिवेदनको आधारमा विवादित व्यक्तिको सदस्यता केन्द्रीय कार्य समितिले समाप्त गर्न सक्ने छ ।

५ एकाइले नयां सदस्यता प्रदान गरेको कार्य विरुद्ध परेको उजूरीमा केन्द्रीय कार्य समितिले दिने निर्णयमा चित्त नबुझेमा सम्बन्धित व्यक्तिले निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र केन्द्रीय कार्य समितिको सचिव मार्फत कार्यकारिणी परिषदमा उजूर दिन सक्नेछ । यस विषयमा कार्यकारिणी परिषदले गर्ने निर्णय अन्तिम हुनेछ ।

९. **सदस्यताको समाप्ति:-**

नियम ८ अनुरुप सदस्यता खारेज भएको अवस्थामा सम्बन्धित व्यक्तिको सदस्यता समाप्त हुने छ । माथि जेसुकै लेखिएको भएता पनि एकाइ नियम ४,५ र ६ अनुरुप खारेज, विघटन र निलम्बन भएमा पनि ३ महिनासम्म त्यस एकाइ वा सदस्यको एशोसिएशनको सदस्यता कायम रहने छ ।

१०. **अन्य प्रकारका सदस्य :-**

१ कुनै पनि ख्याति प्राप्त स्वदेशी वा विदेशी कानूनविद वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थालाई एशोसिएशनको विशिष्ठ, सहयोगी, आजीवन वा सम्मानार्थ-सदस्यता प्रदान गर्न उचित देखेमा केन्द्रीय कार्य समितिले कार्यकारिणी परिषदमा प्रस्ताव लानेछ ।
२ कार्यकारिणी परिषदले सो प्रस्ताव अनुमोदन गरेमा उप नियम (१) अनुरुपको सदस्यता प्रदान गरिने छ ।
३ यस किसिमका सदस्यले कुनै किसिमको शुल्क बुझाउनु पर्ने छैन तथा निजलाई सभामा उपस्थित हुने वा एशोसिएशनको निर्वाचनमा भाग लिने समेतका अधिकार हुने छैनन ।

## परिच्छेद-४
## सभा र बैठकको कार्य संचालन विधि

११. **साधारण सभा र विशेष साधारण सभा संचालन विधि :-**

१ विधानको धारा १६ अनुरुप सभा हुने सूचनामा तोकिएको मिति स्थान र समयमा सभाको बैठक बस्नेछ ।
२ सभाका लागि निर्धारित छलफलका विषयमा मतैकयता कायम हुन नसकेमा सामान्य बहुमतको निर्णयलाई सभाको निर्णय मानिनेछ ।
३ सभाले निर्णय गर्नु पर्ने कुरामा मतैकयता कायम हुन नसकेमा अध्यक्षता गर्ने व्यक्तिले सदस्यहरुसंग हात उठाउन लगाउने वा गोप्य मतदान गराउने मध्ये एक प्रक्रिया छनौट गर्नु पर्नेछ।

१२. **समिति, उप समिति, शाखाको गठन र कार्य संचालन विधि :-**

१ केन्द्रीय कार्य समिति वा यसका एकाइले गठन गर्ने समिति, उप समिति तथा शाखाहरुको अध्यक्षता त्यसका संयोजकले गर्नेछन् ।
२ यसरी गठन हुने निकायहरुको छुट्टै कार्यवृत्त पुस्तिका हुनेछ जो निकायका सचिवको जिम्मामा हुनेछ ।
३ यी निकायहरुको कार्य क्षेत्र र पदावधि गठन गर्ने कार्य समितिले तोकिदिए बमोजिम हुनेछ । कार्य सम्पादन नै नभएको वा कार्य उचित ढंगले नभएको महसूस गरेमा कुनै पनि समयमा यस्ता निकायलाई गठन गर्ने कार्य समितिले विघटन गर्न यस नियमले बाधा पु-याएको मानिने छैन ।
४ यस्ता निकायको गणपूरक संख्या कूल सदस्य संख्याको एक तिहाई हुने छ ।

## परिच्छेद-५
## निर्वाचन सम्बन्धी कार्यविधि

१३. **निर्वाचन तिथि तोक्नु पर्ने :-**

आफ्नो कार्यकाल समाप्त हुनु भन्दा सामान्यतया कम्तिमा ४५ दिन अगाडि नै कार्य समितिको निर्वाचन हुने तिथि सम्बन्धित कार्य समितिले तोक्नु पर्नेछ ।
तर, विधानको धारा २६(१) अनुरुपको कार्यकाल समाप्त हुनु भन्दा अगावै निर्वाचन गराई नयां कार्य समितिलाई कार्यभार हस्तान्तरण गर्न यो नियमले बाधा पु-याएको मानिने छैन ।

१४. **निर्वाचन समितिको गठन :-**

विधानको धारा ४५ अनुरुपको निर्वाचन समिति सम्बन्धित कार्य समितिले नियम १३ बमोजिम तिथि तोक्ने निर्णयका साथ साथै गठन गर्नु पर्नेछ । यस समितिले विधानको धारा ४६ र यस नियमावलीको अधीनमा रही निर्वाचन कार्य सम्पन्न गर्नेछ।

१५. **विशेष परिस्थितिमा निर्वाचन कार्यक्रम :-**

नियम ३(७) को स्थिति परेमा केन्द्रीय पर्यवेक्षकबाट वा एकाइका सदस्यहरु मध्येबाट विधानको धारा ४५ अनुरुप निर्वाचन समिति गठन गरी निर्वाचन सम्पन्न गराउन केन्द्रीय कार्य समितिले सक्नेछ ।

१६. **निर्वाचन कार्यक्रमको प्रकाशन:-**

निर्वाचन समितिले अनुसूची-२ अनुरुपको निर्वाचन कार्यक्रम एकाइ कार्य समितिमा निर्वाचन तिथि भन्दा कम्तिमा ३० दिन अगाडि प्रकाशित गर्नु पर्नेछ।

तर, केन्द्रीय कार्य समितिको निर्वाचनका लागि उपयुक्त किसिमको राष्ट्रिय संचार माध्यम मार्फत सदस्यहरुले निर्वाचन कार्यक्रमको जानकारी पाउन सक्ने गरी सूचना प्रकाशित गर्नु पर्नेछ।

१७. **मतदाताहरुको नामावली उपलब्ध गराउने दायित्व:-**

१ सम्बन्धित एकाइ कार्य समितिले आफ्ना सदस्यहरुको नामावली निर्वाचन समितिलाई निर्वाचन तिथि भन्दा सामान्यतया ३० दिन अगावै बुझाउनु पर्नेछ।

२ एकाइलाई बुझाउन पर्ने शुल्क नबुझाएका सदस्यहरुको नाम मतदाताको रुपमा समावेश गर्ने गरी कार्य समितिले पठाउने छैन।

३ मतदाता नामावली पठाउंदा मतदाताको कानून व्यवसायीको किसिम र प्रमाण पत्र संख्या अनिवार्यत: पठाउनु पर्नेछ।

१८. **मतदाता नामावली, प्रकाशन र दावी:-**

१ नियम १७ अनुरुप निर्वाचन समिति समक्ष पठाउनु पूर्व सो नामावलीको एक प्रति सदस्यहरुको जानकारीको लागि सम्बन्धित कार्य समितिले प्रकाशित गर्नु पर्नेछ। यसरी नामावली प्रकाशित गर्दा उप नियम २ अनुरुप दावी गर्न कम्तिमा ३ दिनको समय दिनु पर्नेछ।

२ समयमा शुल्क बुझाएका सदस्यको नाम छुट्न गएको भई सम्बन्धित सदस्यबाट दावी परी जांचबुझ गर्दा सो उचित रहेछ भने सम्बन्धित कार्य समितिले नै दावीकर्ताको नाम थप गरी नियम १७ (१) अनुरुप निर्वाचन समितिमा नामावली पठाउनु पर्ने छ।

१९. **मतदाता नामावलीको मान्यता र दावी विरोध:-**

१ नियम १७(१) अनुरुपको म्याद भित्र प्राप्त नभएको नामावली निर्वाचनको प्रयोजनकालागि अमान्य हुनेछ।

२ नियम १७(२) विपरीत नामावली पठाइएको निर्वाचन समिति समक्ष उजूर परी निर्वाचन समितिले उपयुक्त सम्झेको कार्यविधि अपनाई जांचबुझ गर्दा सो उजूरी सत्य ठह-यो भने शुल्क नबुझाएका सदस्यको नाम मतदाता सूचीबाट हटाउने छ र त्यस्तो एकाइलाई यस नियमावलीको परिच्छेद २ अनुरुप कारवाही गर्न केन्द्रीय कार्य समितिमा सिफारिस गर्नेछ।

३ नियम १७(३) अनुरुपको व्यहोरा नखुलाई पठाइएको नामावली निर्वाचन समितिले उल्लेखित व्यहोरा नखुलाइएको हदसम्म अमान्य गर्न सक्नेछ।

४ केन्द्रीय कार्य समितिको निर्वाचनमा भने कुनै सदस्यको नाम दुई वा बढी एकाइले पठाएको नामावलीमा समावेश भएको रहेछ भने यस्ता सदस्य र एकाइहरुलाई निर्वाचन समितिले उपयुक्त सम्झेको कार्यविधि अपनाई स्पष्टिकरण सोधी जांचबुझ गरी उक्त सदस्यको नाम मतदाता सूचीबाट हटाउनेसम्मको कारवाही गर्न सक्नेछ।

२०. **मतदाता सूचीको प्रकाशन, दावी विरोध र निर्णय:-**

१ निर्वाचन समितिले सम्बन्धित कार्य समिति मार्फत प्राप्त नामावली नियम १९ को अधीनमा रही निर्वाचन समितिको कार्यालयमा प्रकाशित गर्नेछ। यस सूचीमा नाम समाविष्ठ सदस्यहरुलाई मात्र उमेदवार हुने, प्रस्तावक वा समर्थक हुने र मतदानमा भाग लिने अधिकार हुनेछ।

२ सदस्य नै नभएको व्यक्ति मतदाता भयो वा यस नियमावलीका परिच्छेद २ अनुरुप खारेज वा विघटन वा निलम्वनमा परेको एकाइले पठाएको मतदाता नामावली समाविष्ट गरियो भन्ने आधारमा निर्वाचन कार्यक्रममा तोकिएको समय भित्र कुनै पनि सदस्यले निर्वाचन समितिको कार्यालयमा दावी विरोध गर्न सक्नेछ।

३ उप नियम (२) अनुरुप परेको दावी विरोधमा निर्वाचन समितिले उपयुक्त सम्झेको कार्यविधि अपनाई जांचबुझ गरी गरेको निर्णय अन्तिम हुनेछ।

२१. **उमेदवारको दरखास्त:-**

१ विधानको धारा २५(१) तथा २५(२) अनुरुपका पद मध्ये कुनै एकका निमित्त नियम २०(१) अनुरुपका सदस्यहरु उमेदवार हुन पाउने छन्। उमेदवारीको दरखास्त अनुसूची-३ को ढांचामा हुनु पर्नेछ।

२ उमेदवारका लागि निर्वाचन समितिले उपयुक्त सम्झेको शुल्क तोक्ने छ। यसरी प्राप्त रकम केन्द्रीय कार्य समितका हकमा एशोसिएशनको र अन्यका हकमा सम्बन्धित एकाइको आम्दानी मानिनेछ। उमेदवारले नाम फिर्ता लिएमा वा उजूर परी उमेदवारी बदर भएमा समेत यो उमेदवारी शुल्क फिर्ता हुने छैन।

३ उमेदवारीका लागि नियम २०(१) अनुरुपका सदस्य मध्येबाट एक-एक जना प्रस्तावक र समर्थक आवश्यक पर्नेछ। निर्वाचन हुने पद जतिमा एक जना प्रस्तावक वा समर्थक बन्न पाउने छ। नियम १४ अनुरुप गठित निर्वाचन समितिले उमेदवारीको दरखास्तको दर्ता किताव खडा गर्नु पर्नेछ। यसमा दरखास्त दर्ता नम्वर, उमेदवारी दिएको पद, उमेदवारको नाम, प्रस्तावकको नाम र समर्थकको नाम समेत खुलाउनु पर्नेछ। यो दर्ता किताव हेर्न चाहने जुनसुकै सदस्यलाई पनि हेर्न दिनु पर्नेछ। बढी पदका लागि प्रस्तावक वा समर्थक भएमा पछिल्लो उमेदवारी दरखास्त बदर हुनेछ।

४ उमेदवारको नामावली प्रकाशन भए पछि निर्वाचन कार्यक्रममा तोकिएको मिति र समय भित्र परेको दावी विरोधमा निर्वाचन समितिले उपयुक्त सम्झेको कार्यविधि अपनाई जांचबुझ गरी दिएको निर्णय अन्तिम हुनेछ।

५ उमेदवारले निर्वाचन कार्यक्रममा तोकिएको मिति र समय भित्र आफ्नो नाम फिर्ता लिन निर्वाचन समिति समक्ष दरखास्त लेखी नाम फिर्ता लिनु पर्नेछ।

६ उमेदवारहरुको अन्तिम नामावली निर्वाचन कार्यक्रममा तोकिएको मिति र समय भित्र प्रकाशित गर्नु पर्नेछ ।

२२. **मतदान केन्द्र र मतदान :-**

१ एकाइ कार्य समितिको निर्वाचनकालागि एकाइ रहेकै ठाउंमा एक मतदान केन्द्र रहने छ ।
२ केन्द्रीय कार्य समितिको निर्वाचनका लागि केन्द्रीय कार्य समितिले विधानको धारा ४६(२) को मनसाय अनुरुप विभिन्न मतदान केन्द्र तोक्ने छ ।
३ उप नियम २ अनुरुपका मतदान केन्द्रकालागि सम्बन्धित एकाइ कार्य समितिको सिफारिसमा बढीमा ३ जनासम्मको स्थानीय निर्वाचन समिति केन्द्रीय कार्य समितिले गठन गर्न सक्ने छ ।
४ उप नियम ३ अनुरुपका मतदान केन्द्रमा मतदान गर्ने एकाइहरुका नाम केन्द्रीय कार्य समितिले तोक्नेछ ।
५ निर्वाचन कार्यक्रममा तोकिएको मिति र समय भित्र मतदान केन्द्र परिवर्तनकालागि आफ्नो एकाइ कार्य समितिको सिफारिस साथ निर्वाचन समितिको कार्यालयमा दरखास्त दिने सदस्यको मतदान केन्द्र निजले चाहे अनुरुप परिवर्तन गरिदिनु पर्नेछ ।
तर, निर्वाचन समितिले निर्वाचनको कार्यकालागि पठाउने केन्द्रीय पर्यवेक्षक वा उमेदवारको प्रतिनिधि बनी मतदान केन्द्रकालागि जाने प्रतिनिधिका हकमा दरखास्त दिइरहनु पर्ने बाध्यता पर्ने छैन ।
६ निर्वाचन कार्यक्रममा प्रकाशित स्थान, मिति र समय भित्र मतदान क्षेत्रमा प्रवेश गरी लाम लाग्ने मतदातालाई मतदान गर्न दिइने छ ।
७ मतदाता नामावलीमा टाइपको भूलबाट हुन गएका साना तिना गल्तीका कारणबाट मताधिकारबाट बंचित गरिने छैन ।
८ परिचयका विषयमा विवाद परेमा नागरिकताको प्रमाण पत्र मतदाताले निर्वाचन समिति समक्ष पेश गर्नु पर्नेछ ।
९ मतदातालाई यौटा मतपत्र दिइने छ । मतपत्र बिग्रियो भन्ने समेतका कुनै पनि आधारमा सट्टा मतपत्र दिइने छैन ।
तर, मतपत्रमा प्रमुख निर्वाचन अधिकृतको सही वा छाप नपरेकोमा मतदान अधिकृतको सही नपरेको र एशोसिएशनको छाप नपरेको मतदाताले ध्यानाकृष्ठ गराएमा मतदान अधिकृतले सो मतपत्र फिर्ता लिई अर्को मतपत्र दिनेछ ।
१० उमेदवारले मतदान केन्द्रकालागि एक-एक जना प्रतिनिधि मुकरर गर्न पाउने छन् । यसरी मुकरर प्रतिनिधिलाई बस्ने स्थानको प्रबन्ध निर्वाचन समितिले गर्नेछ ।

२३. **मत गणना :-**

१ मतगणना मतदान पश्चात् लगत्तै गर्नु पर्नेछ ।
तर, केन्द्रीय कार्य समितिको मतगणनाका हकमा निर्वाचन समितिले उपयुक्त सम्झेमा मतदान केन्द्रबाट मतपेटिका ल्याई एक वा एक भन्दा बढी ठाउंमा मतगणना गराउन सक्नेछ ।
२ मत सदर वा बदर गर्ने विषयमा अनुसूची-४ मा तोकिएको निर्देशिका अनुरुप हुनेछ ।

## परिच्छेद-६
## केन्द्रीय कार्यालय

२४. **केन्द्रीय कार्यालयको उत्तरदायित्व :-**

विधानको परिच्छेद ७ अनुरुप गठन गरिने केन्द्रीय कार्यालय एशोसिएशन र यसका परियोजना, समिति र शाखाहरु समेतका प्रशासनिक प्रबन्धकालागि उत्तरदायी हुनेछ ।

२५. **उजूरी:-**

कानून व्यवसायीले आचार संहिता उल्लंघन गरेको वा न्यायपालिकासंग सम्बन्धित अन्य कुनै विषयको उजूरी वा निवेदन वा जानकारी प्राप्त भएमा केन्द्रीय कार्यालयले यसलाई नियम २६ अनुरुपको समितिमा अविलम्ब पठाउने छ ।

२६. **छानबीन समिति गठन :-**

१ केन्द्रीय कार्य समितिले एक जना संयोजक सहित तीन जना सम्मिलित एउटा उजूरी छानवीन समिति गठन गर्नेछ । यस समितिले आफ्नो कार्यविधि आफै नियमित गरी सम्बन्धित उजूरीमा कारवाही चलाउने औचित्य नदेखिए तामेलीमा राख्ने वा सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।
२ विधानको धारा ४३(१) अनुरुप गठन भएको एक जना संयोजक सहित तीन जनाको आचार संहिता समितिले सदस्य उपर परेको उजूरी छानवीन गरी उपयुक्त कारवाही गर्नेछ ।
३ उप नियम १ र २ अनुरुपका समितिहरुलाई सचिवालय सुविधा केन्द्रीय कार्यालयले उपलब्ध गराउने छ ।

## परिच्छेद-७
## कार्य कारिणी परिषदको गठन

२७. **मनोनयनको तरीका :-**

विधानका धारा २१(२) को प्रयोजनकालागि एकाइले कार्यकारिणी परिषदमा प्रतिनिधि पठाउंदा निर्वाचन विधि अपनाउने छ ।

२८. **प्रतिनिधिहरुको सट्टा अर्को प्रतिनिधि पठाउने ब्यवस्था :-**

अघिल्लो कार्यकारिणी परिषदमा उचित कारण बिना अनुपस्थित हुने वा राजीनामा गर्ने वा परलोक हुने वा सदस्यता समाप्त हुने वा अन्य कारणले पद रिक्त हुने प्रतिनिधिको सट्टा एकाइ कार्य समितिले बांकी अवधिकालागि नियम २७ को प्रक्रिया अपनाई अर्को प्रतिनिधि पठाउनु पर्नेछ।

२९. **प्रतिनिधित्व गर्न एकाइले शुल्क बुझाउनु पर्ने बाध्यता :-**

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएता पनि केन्द्रीय कार्यालयलाई विधानद्वारा निर्धारित शुल्क नबुझाउने एकाइलाई केन्द्रीय समितिले कार्यकारिणी परिषदमा प्रतिनिधित्व नगराउन सक्नेछ ।

तर, सो गर्नु पूर्व सो एकाइबाट मनोनित प्रतिनिधिहरुलाई एकाइले शुल्क नपठाएको भई कार्यकारिणी परिषदको बैठकमा भाग लिन नपाउने कुराको सूचना दिनु पर्नेछ ।

३०. **पर्यवेक्षकको व्यवस्था:-**

केन्द्रीय कार्य समितिले कार्यकारिणी परिषदको बैठक आयोजना गर्ने एकाइको कार्य समिति तथा उपयुक्त सम्झेका सदस्यलाई कार्यकारिणी परिषदको बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रित गर्न सक्नेछ ।

## परिच्छेद-८
## विविध

३१. **स्याहा श्रेस्ता :-**

१ एकाइको आम्दानी खर्चको हिसाव दोहोरो श्रेस्ता प्रणाली अनुसार राख्नु पर्नेछ ।
२ एकाइलाई प्राप्त हुने आम्दानीको भरपाई दिनु पर्नेछ । भरपाईमा रकम दिने र लिने दुवैले सही गर्नु पर्नेछ ।
३ सदस्यबाट एकाइ कार्य समितिले लिनु पर्ने रकम तथा केन्द्रीय कार्यालयले एकाइबाट लिनु पर्ने रकम विधानका धारा ५४ अनुरुप आर्थिक वर्षको हिसावले लिइने छ ।
४ प्रत्येक आर्थिक वर्ष नाघेको एक महिना भित्र एकाइले आफ्नो आम्दानी खर्चको विवरण केन्द्रीय कार्यालयमा पठाउन पर्नेछ । केन्द्रीय कार्य समितिमा हिसावको रकम हिनामिनाको उजूरी परेमा वा आर्थिक अनियमिताको प्रश्न उठेमा केन्द्रीय पर्यवेक्षकद्वारा वा लेखापरीक्षकद्वारा एकाइको हिसाव हेर्न केन्द्रीय कार्य समितिले सक्नेछ ।

३२. **कर्मचारी व्यवस्था :-**

केन्द्रीय कार्य समिति वा एकाइ कार्य समितिले आवश्यक कर्मचारीको बन्दोवस्त गर्न सक्नेछ । आवश्यक सम्झेमा सम्वन्धित कार्य समितिले यसका लागि कर्मचारी निर्देशिका जारी गर्न सक्नेछ ।

३३. **विनियमको संशोधन:-**

१ यो विनियमको संशोधनकालागि केन्द्रीय कार्य समितिले प्रस्ताव कार्यकारिणी परिषदमा पेश गर्नेछ । कार्यकारिणी परिषदको दुई तिहाइ बहुमतले पारीत गरेमा संशोधन प्रस्ताव पारित भएको मानिने छ ।
२ उप नियम १ का अतिरिक्त यस विनियममा कुनै सदस्य वा एकाइले संशोधनको प्रस्ताव केन्द्रीय कार्य समितिमा पेश गर्न सक्नेछ । प्रस्ताव केन्द्रीय कार्य समितिले उपयुक्त ठह-याएमा उप नियम १ को प्रक्रिया अपनाइने छ ।

३४. **प्रतीक चिन्ह :-**

नेपाल बार एशोसिएशनको प्रतीक चिन्ह निम्नानुसार हुनेछ :-